# टेम्केमैयुङ गाउँपालिकाको गाँउसभामा प्रस्तुत
# आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

**टेम्केमैयुङ गाँउपालिकाको गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ का लागि**
**वार्षिक नीति तथा कार्यक्रम :**

**सम्पूर्ण गाँउसभाका सदस्यज्यूहरु,**

**गाउँसभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरु !**

टेम्केमैयुङ गाउँपालिकाको आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम स्थानीय तहको चौधौ गाउँसभाको अधिवेशनमा यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

**सबै गाँउ सभा सदस्यज्यूहरु,**

सर्वप्रथम त म विभिन्न कालखण्डमा देस र जनताको भलाईका लागि विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा सहादत्त प्राप्त गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

हामी नेपालको संविधानले अवलम्वन गरेको ३ तहको संघीय शासन प्रणाली अभ्यासमा रहेका छौ । नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्थित्वपूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशी विकास, समृद्धि र सुशासनको पक्षमा ३ वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता रहेको छ ।

स्थानीय तहको दोस्रो निर्वाचनपछि सार्वभौम नागरिकको विकासप्रतिको असीमित चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट अधिकतम परिचालन गरी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि सहयोग गर्नुहुने गाउँसभा सदस्य गाउँवासीहरु,,गाउँ पालिकामा कार्यरत सम्पूर्ण कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको

नजिकको सरकार आभास गराउने अभ्यासको अवसरको रुपमा चौधौ अधिवेशनमा हामी उपस्थित भएका छौं ।

**उपस्थित गाउँसभा सदस्य ज्यू हरु,**

हामी नागरिकहरुको आकांक्षा र गाउपालिकावासीँको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयनको प्रथम कार्यकाल पार गरी दोस्रो कार्यकालमा प्रवेश गरि एक वर्ष व्यतित पनि गरिसकेका छौं । संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयका लागि आवश्यक कानुन निर्माण तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ र प्रदेशसँग समन्वय गरेर नवाझिने गरि ऐन, कानूनको निर्माण र नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु परेको छ । यसैगरी गाउँ वासी आम नागरिको अपेक्षा र चाहाना अनुरुप समग्र गाउँको शान्ति, विकास र समृद्धि तर्फकोयात्रा द्रुत गतिमा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं ।
संविधान प्रदत्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक पुर्वाधारहरुको निर्माण र कार्यान्वयनमा सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ ।
देसको अर्थतन्त्रमा देखा परेको मन्दिले समग्र आर्थिक, सामाजिक, राजनितीक क्षेत्रमा समेत यस्को प्रभाव परेको छ । चालु आ.व. मा वित्तीय समानिकरणको अन्तिम किस्ताको ५० प्रतिशत हिस्सा कटौती भएको र आगामी आ.व. मा संघिय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको परिमाणको समेत गत आ.व. भन्दा घटेर प्राप्त भएकाले टेम्केमैयुङबासी आम नागरिकरुको विकास प्रतिको असिम चाहाना र श्रोत वीच तालमेल मिलाउन निकै चुनौतिपूर्ण देखिन्छ ।

## सबै गाँउसभा सदस्यज्यूहरु,

स्थानीय सरकार सञ्चालनको लगभग ६ वर्षको अभ्यास र अनुभव पछिको समयमा हामी यहाँ दोस्रो कार्यकालको वागडोर सम्हाली उपस्थित भएका छौं । स्थानीय सरकारको दोस्रो कार्यकालको १ वर्ष पुरा गरिसकेको अवस्थामा यस आ.ब.मा नयाँ सडक खोल्ने कार्य करिव १५.१२ कि.मि. र ९०.९० कि.मि. स्तरोन्नति गरिसकिएको छ भने करिव २.७ कि.मि. सडक ग्राभेल गरिसकिएको छ ।

विभिन्न समयमा निम्तिएको प्राकृतिक विपत्ति, विश्वव्यापी रुपमा फैलिरहेको कोरोना महामारीले थला पारेको बजेटलाई हाल पशुपन्छीमा फैलिरहेको लम्पी रोगले क्षती व्यहोर्नु परेको छ। अव यस्ता निम्तिन सक्ने विपत्ति तथा महामारीको पूर्व आंकलन गर्दै त्यसको पूर्व तयारी गर्नमा पनि यस गाउँपालिका केन्द्रित रहनेछ । यसका लागि सम्पूर्ण टेम्केमैयुङ गाउँपालिकावासीको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा राखेका छौ ।

**सबै गाँउसभा सदस्यज्यूहरु,**

यस नीति तथा कार्यक्रमको पहिलो र एकमात्र उदेश्य भनेको सुशासन, विकास र सेवा प्रवाहमा गुणस्तरियता तथा सबैको समतामूलक पहुचँ नै हो त्यसको लागि आगामी आ.ब. २०८०/८१ को लागि संघीय र प्रदेश अर्थ मन्त्रालयबाट बित्तीय समानीकरण अनुदान अन्तर्गत देहाय बमोजिम बजेट प्राप्त भएको छ । उक्त बजेट रकमलाई गाँउपालिका र वडाको लागि छुट्टा छुट्टै बजेट सिलिङ तयार भएको र वडाहरुबाट आयोजना तथा कार्यक्रमहरु छनौट भैसकेको छ । उत्पादन र रोजगारसँग जोडिएका आयोजना तथा कार्यक्रमहरुलाई प्रमुख प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ र आगामी दिनमा विकास योजना र कार्यक्रमहरु संचालनमा थप प्रभावकारिता ल्याउनको लागि सोही बमोजिमको निति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

देहाय :

| क्र.सं. | शिर्षक नं. | श्रोत | बजेट |
|---|---|---|---|
| १. | | वित्तिय समानिकरण | ८,४७,००,००० |
| २. | | राजस्व बाँडफाँड | ८,२२,७८,३०० |
| ३. | | प्रदेश वित्तिय समानिकरण | ५०,७०,००० |
| ४. | | सशर्त विशेष अनुदान | ५६,००,००० |
| ५. | | संघ समपुरक | ५०,००,००० |
| ६. | | प्रदेश समपुरक | १,००,००,००० |
| ७. | | प्रदेश राजस्व (सवारी साधन कर) | ३६,३७,००० |
| ८. | | संघ सशर्त अनुदान | ३०,३७,००,००० |
| ९. | | प्रदेश सशर्त अनुदान | १,०५,९४,००० |
| ९ | | आन्तरिक आम्दानी | |

| | | | |
|---|---|---|---|
| | | | ४२,१२,८७० |
| १० | | चालु आवमा मौज्यात भई आगामी आ व मा सञ्चित कोषमा रहने रकम (अल्या अनुमानित) | १,१०,००,००० |
| | | **जम्मा** | ५२,५७,९२,१७० |

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**लक्ष्य तथा उद्देश्यः**

टेम्केमैयुङ गाँउपालिकाको तिब्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि र आर्थिक बिकास बाट समृद्धि हासिल गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधिन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्ने र दीगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्याय सहितको समृद्ध गाउँपालिका बनाउने हाम्रो लक्ष्य तथा उद्देश्य हो । यसका साथै नेपाल सरकारको दीर्घकालीन लक्ष्य “सुखी नेपाली, समृद्ध नेपाल” भन्ने नारालाई सार्थक बनाउन र मुलुकको समृद्धिमा योगदान पुर्‍याई समाजबाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्‍याउनु हाम्रो लक्ष्य हो ।

"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधार, टेम्केमैयुङ विकासको आधार" भन्ने मुल नाराका साथ टेम्केमैयुङ गाँउपालिकालाई पूर्वाधार विकास अन्तर्गतका सडक, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सांस्कृतिक क्षेत्र, व्यापार, खेलकुद लगायतका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न एवं गाउँपालिका भित्र रहेका सबै श्रोत साधनहरुलाई सही सदुपयोग र संचालन गर्दै व्यवस्थित र समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्य रहेको छ । यसका साथै प्राकृतिक विपत्ति र कोरोना महामारीले हामीलाई एउटा पाठ सिकाएको छ, र आगामी दिनमा हुन सक्ने यस्ता खाले समस्याहरुको सम्भावनालाई समयमा नै हल गर्दै सबै गाउँपालिकाबासिलाई निर्माण, उत्पादन र रोजगारसँग जोडि आत्मनिर्भर-अन्तरनिर्भर र सुखि-सम्पन्न बनाउनु हाम्रो उद्धेश्य हो ।

उल्लिखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य मुताविक यस गाँउपालिकाले आ.व. २०८०/८१ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित गाउ☞सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

यस गाउँपालिकाबाट चालु आ.व. तथा आगामी आ.व. को लागि लिइएका नीतिहरु देहाय अनुसार हुनेछ;

## १. सार्वजनिक सेवा तथा क्षमता विकास

### क) सामान्य प्रशासन तथा व्यवस्थापन

- गाउँपालिका/नगरपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
- गाउँपालिकाको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्तिविकासमा जोड दिइनेछ । जसको लागि क्षमता विकास र उत्प्रेरणाको लागि कार्य सम्पादनको आधारमा फिल्ड भत्ताको साथै प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र सहज रुपमा सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिका लगायत सबै सेवा केन्द्रहरुमा सेवाग्राहीहरुलाई सरल र सहज सेवाप्रवाह गर्नको लागि चालू आ.ब. मा स्विकृत ओ एण्ड एम अनुसार पूर्ण दरवन्दिको व्यवस्था गरिनेछ साथै खाली दरबन्दीमा प्रदेश लोक सेवा आयोगसँग माग गरि परिपूर्ण गरिनेछ ।
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख गरिनेछ ।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरिनेछ ।
- किसान सूचिकरण गर्ने कार्यलाई यस बर्ष सम्पन्न गरिनेछ ।
- मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ ।
- व्यक्तिर समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरिनेछ ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन गर्नको लागि साथै उक्त समिति, उपसमिति तथा कार्यदलको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम गरिनेछ ।

- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन गरिनेछ साथै भएको वेरुजुलाई सम्परिक्षण गर्ने कार्यलाई महत्व दिइनेछ र आगामी दिनमा त्यस्ता बेरुजुहरु नआउनका लागि कर्मचारी लगायत पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आफ्नै वेभ साइटको माध्यमबाट गाउँपालिकाका महत्वपूर्ण सूचना, सन्देश तथा निर्णयहरु सार्वजनिकिकरण र शेयर गरिनेछ ।
- आधुनिक प्रबिधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन विद्युतयि प्रणालीमा लगिनेछ । यसको लागि प्रविधिको प्रयोग तथा व्यवस्थापनमा आवश्यक तालिमको प्रबन्ध मिलाइनेछ साथै प्रविधिमैत्री पालिका निर्माण गरी राजस्व चुहावट निर्मुल पार्न राजस्व सफ्टवेयरको प्रयोगलाई अनिवार्य गरिनेछ । तथा योजना प्रणालीलाई छिटो छरितो र पारदर्शी सेवा प्रवाह गर्न प्रविधिमैत्री वनाइनेछ ।

**ख) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन**

- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनेछ ।
- उपभोक्ता समितिको क्षमता विकास र जागरुकताको लागि तालिम तथा अनुशिक्षणको कार्यलाई निरन्तरता दिईनेछ ।

**ग) अनुगमन तथा मूल्यांकन**

- विकास आयोजनाको अनुगमन, प्रगति तथा प्रतिफलको समीक्षा आवधिक रुपमा गरिनेछ ।
- विकास योजनाको अनुगमनलाई सुरु मूल्याङ्कन, चालू मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गरि तिन चरणमा गर्ने व्यवस्था गरिनेछ ।
- ठूला आयोजनाको हकमा अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन सकेसम्म आफ्नै जनशक्तिबाट नहुने अवस्थामा परामर्श सेवाबाट सेवा करार गरि गरिनेछ ।
- ठूला आयोजनाहरुको अनुगमन गर्दा अध्यक्षस्तरीय अनुगमन टोलीबाट गरिने व्यवस्था मिलाइनेछ ।

- अनुगमन तथा मूल्याङ्कनलाई वस्तुपरक वनाउन वडास्तरीय तथा पालिकास्तरीय अनुगमन समितिलाई क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

**ङ) कानुन तथा न्याय**

- गाउँपालिकामा आइपर्ने झैझगडा मुद्दा मामिला न्यूनीकरण एवं मध्यस्तता, सहजीकरण, मिलापत्र गर्न गराउनको लागि गाउँपालिकामा गठन भएको न्यायीक समिति अन्तर्गत सबै वडामा वडा स्तरीय मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।
- न्यायिक समितिमा आएका मुद्दाहरुलाई न्यायिक समितिको अधिकार क्षेत्रभित्र पर्ने मेलमिलाप गराउनुपर्ने मुद्दालाई वडामा रहेका मेलमिलाप केन्द्रहरुको माध्यमवाट मिलापत्र गरिनेछ । र निर्णय गर्नुपर्ने मुद्दालाई पनि मेलमिलाप केन्द्रमा पठाएर मिलापत्र हुन नसकेमा मात्र न्यायिक सममितिले निर्णय गर्ने व्यवस्था मिलाइनेछ ।
- गरिव र असहाय वा न्यायको पहुचमा पुग्न नसकेकको नागरिकलाई कानूनी सहायता उपलब्ध गराइनेछ ।
- थप कानुनी सहजताको लागि गाउँपालिकामा कानुनी सल्लाहकार राख्ने व्यवस्था गरिनेछ त्यसको लागि आवश्यक दरवन्दीको सिर्जना गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकासको लागि विभिन्न पालिका गई अवलोकन गर्ने तथा तालिमको प्रवन्ध गरिनेछ ।
- न्यायिक कार्य गर्नेको लागि गोप्य तथा सुरक्षित न्यायिक कक्षको निर्माण गरिनेछ ।

## २. पूर्वाधार विकास

**क) सडक तथा यातायात**

- यस गाउँपालिकाका ९ वटै वडाहरुलाई केन्द्रसम्म जोड्ने नीति अनुरुप तिम्माको तीनभंगालेदेखि लेखर्कको कपासे भञ्याङ जोड्ने सडक स्तरोन्नती एवं ग्राभेल गर्ने सम्मको काम प्रमुख प्राथमिकतामा राखिनेछ। त्यस्तै ६ नं. वडाको गुम्बादेखि कोट गोगने पाँचधारे सडकलाई पनि दोश्रो प्राथमिकताका साथ स्तरउन्नती र ग्राभेल गरिनेछ।
- गाउँपालिकाको सडक गुरुयोजना अनुरुप अन्य महत्वको सडकहरुलाई पनि आगामी आ.ब. भित्र स्तरउन्नती गरिसकिनेछ।
- स्तरउन्नती तथा ग्राभेल गरिसकिएका गाउँ सडक संरक्षणको नीति बनाइनेछ र उक्त सडकहरुलाई हेर विचार तथा सुरक्षाको लागि आवश्यक संख्यामा सडक हेरालुहरुको प्रबन्ध गर्न आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गरिनेछ ।

- सडकहरुको नियमित मर्मत संभार तथा सुरक्षाको लागि कोष खडा गरिने र आवश्यक कार्यविधि बनाई संचालन गरिनेछ ।
- ग्राभेल तथा स्तरउन्नती गरिसकिएका सडकहरुमा साइनवोर्ड र साइनेजहरुको व्यवस्था गरिनेछ ।
- सडक अधिकार क्षेत्र, सार्वजनिक क्षेत्र मिचेर घर, टहरा तथा भौतिक संरचना बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गाउँपालिका यातायात गुरुयोजना निर्माणको लागि आवश्यक कार्य गरिनेछ ।
- उचित स्थानमा बसपार्क व्यवस्थापनको लागि पूर्वाधार निर्माण गरिदै लगिनेछ ।

**ख) उर्जा**

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ ।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन गरिनेछ ।
- बजार क्षेत्र तथा सार्वजनिक स्थानहरुमा सौर्य बत्ती र सडक बत्तीको व्यवस्था गरिदै लगिनेछ ।

**ग) भवनसंहिता, निर्माण इजाजत (डिजाइन समेत) एवं शहरी विकास**

- भवननिर्माण इजाजत, भवन संहिता लाई कार्यान्वयनमा जोड दिइनेछ ।
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन गरिनेछ ।
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकामा सडक क्षेत्राधिकार भित्र तथा अव्यवस्थित रुपमा भवन, घर, टहरा बनाउन नदिन मालपोत र नापी कार्यालयसँग आवश्यक समन्वय गरिनेछ ।
- जग्गा वर्गिकरण कार्यलाई यसै वर्ष पूर्णता दिइनेछ ।
- जग्गा लगतकट्टा गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- भौगोलिक रुपले असुरक्षित, अपायक पर्ने र जोखिमयुक्त स्थानहरुमा बस्ती विकासको अवधारणा ल्याइने छैन । सुरक्षित स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुमा शिक्षा, स्वास्थ्य, निर्माण, उत्पादन र रोजगारीका अवसर सहितको आधुनिक सुरक्षित वस्तीको विकास गरिनेछ ।
- आधुनिक सुरक्षित वस्ती एवं शहरीकरणको विकाससँगै फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण, ढल निर्माण, खानेपानी व्यवस्थापन र जोखिम न्यूनीकरणको कार्य गरिनेछ ।

**घ) विज्ञान प्रविधि, सूचना तथा संचार**

- अभिलेख व्यवस्थापनमा नवीनतम तथा आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।
- सर्वसाधारण जनतालाई सहज र सरल सूचना पहुँचको लागि सबै सेवा केन्द्रहरुमा अनिवार्य नागरिक वडापत्र (Citizen Chartared) को व्यवस्था गरिनेछ।
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गरिदै लगिनेछ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरणहरु सार्वजनिकिकरण गरिदै लगिनेछ।
- गाउँपालिकाको कार्यहरुलाई आवधिक रुपमा स्वतप्रकाशन गर्ने कार्यलाई प्रविधिमैत्री वनाइनेछ ।
- गाउँपालिकाभित्रका सबै सेवा केन्द्रहरुमा इन्टरनेटको पहुँचसहित विद्युतिय माध्यमबाट प्रतिवेदन (Online Reporting) को व्यवस्था गरिनेछ।
- सरकारी निकायहरुले प्रयोगमा ल्याएको एप्सहरुलाई प्रयोगमा ल्याई सेवाप्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ।
- सरकारी कामकारवाहीलाई व्यवस्थित गर्न एकिकृत एप्सको प्रयोग गरिनेछ।

**३. आर्थिक विकास**

**क) कृषि, जलश्रोत, वन, उद्योग वाणिज्य सम्बन्धमा**

- मानिसको जीवन कृषिमा निर्भर रहेको हुनाले पूर्वाधार विकास (सडक) पछि कृषि क्षेत्रमा प्रमुख प्राथमिकताका साथ लगानी गरिनेछ।
- मानिसको जिवनस्तरसँग जोडिएको कृषि क्षेत्रको विकास गर्न दुग्ध विकास कार्यक्रमलाई पालिकाको गौरवको कार्यक्रमको रुपमा विकास गरिनेछ ।
- मानिसको आय र रोजगारसँग जोडिने गरी आधुनिक कृषिमा आधारित व्यवसायिक नगदे बाली, तरकारी, वेमौसमी तरकारी खेती, फलफुल खेती तथा पशुपालन व्यवसाय र उत्पादनमा जोड दिइ कृषकलाई प्रोत्साहित गरिनेछ ।
- कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एक घर एक करेसाबारी कार्यक्रम लागू गरिनेछ ।
- पालिका भित्र कम्तिमा एक चिलिङ भ्याट सहितको डेरी निर्माण गर्न पहल गरिनेछ ।

- लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै लघु उद्यम कार्यक्रमलाई कृषिमा आधारित हुने गरि संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनसँग जोड्न कृषिमा आधारित बनाइनेछ ।
- बादर नियन्त्रण कार्यको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माणका लागि गाउँपालिका तथा ९ वटै वडा तहमा पूर्वाधार निर्माण र हाटबजार शुरु गरिनेछ।
- बिषयगत शाखाको कार्यक्रमलाई एक अर्कासँग परिपुरक वनाई उत्पादनसँग जोडिनेछ ।
- पालिका स्तरीय एक र वडास्तरमा १-१ गरी जम्मा १० वटा कृषि सहकारीको निर्माण गरिनेछ सो को परिचालनको लागि आवश्यक कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ, त्यस्ता सहकारीहरुले स्थानीय उत्पादन र बजारीकरणमा मूख्य भूमिका रहने व्यवस्था मिलाइनेछ ।
- हाल गाउँपालिका भित्र चलिरहेका मुख्य हाटबजारहरुको वर्गीकरण र व्यवस्थापनमा लगानी गरिनेछ।
- साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्रीआपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गरिनेछ ।
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार गरिनेछ ।
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन गरिनेछ ।
- कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुलन खेती गर्न र उचित मल, बीउ, बिसादी प्रयोग गर्न प्राविधिक सेवा प्रदान गरिनेछ।
- टेम्केमैयुङ गाउँपालिकाको लेखर्कलाई मौरीपालनको स्रोत केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ ।
- टेम्केमैयुङ गाउँपालिकाको लेखर्कको काभ्रेलाई सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ ।

- लोकल रक्सी उत्पादकले व्यापारिक प्रयोजनका लागि प्रयोग गरेमा अनिवार्य पालिकामा दर्ता गर्ने व्यवस्था मिलाइनेछ तर व्यक्तिगत तथा संस्कार/संस्कृति को हकमा दर्ता गर्न अनिवार्य हुने छैन ।अखाद्य वस्तुबाट निर्मित लोकल रक्सीहरुको उत्पादनलाई नियमन गरी प्रतिवन्ध गरिनेछ ।
- पशुपालक तथा कृषि क्षेत्रमा गरेको लगानी तथा उत्पादनमा गरेको योगदानको आधारमा पुरस्कृत तथा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- कृषकहरुलाई शुरुवातमा एउटा टोल क्षेत्र वा पकेट समेटिने गरी एकै प्रकारका खेतीबाली लगाउन प्रोहत्सान गरिनेछ।
- कृषि उत्पादनकालागि आवश्यक सडक, विद्युत, सिंचाई, संकलन तथा बिक्री केन्द्रहरु जस्ता पूर्वाधारको निर्माण गरिनेछ र बजारीकरणमा आवश्यक पहल गरिनेछ।
- स्थानीय सहकारीहरुको क्षमता अभिवृद्धि तथा परिचालन गरिनेछ।
- स्थानीय उत्पादन बृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न स्थानीय सहकारी क्षेत्रको विकास र प्रबर्द्धन गरिनेछ।
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ।
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापनमा जोड दिइनेछ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण गर्न आवश्यक प्रवन्ध मिलाइनेछ। बृक्षारोपन र प्रवर्द्धनको लागि बन कार्यालयसँग आवश्यक समन्वय गरिनेछ।
- आयआर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन गरिनेछ ।
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गरिनेछ ।
- खानी तथा खनिजढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गरिनेछ ।
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन र व्यबस्थापन गरिनेछ ।

**ख) राजश्व प्रशासन सम्बन्धमा**

- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहाल विटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड,

सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन सम्बन्धमा आवस्यक अध्ययन अनुसन्धान गरिदै लगिनेछ ।

- सम्पती कर/मालपोत कर प्रणाली कार्यान्वयनका लागि गरी टोल वस्ती संगठनहरुको गठन गरी यसको कार्यविधि तथा मापदण्डहरुको वारेमा तालिम, अध्ययन, अवलोकन भ्रमणबाट प्राप्त प्रतिवेदनको आधारमा प्रत्येक टोल वस्तीहरुमा गोष्ठिहरु संचालन गर्दै एकिकृत सम्पती कर प्रणाली लागु गरिनेछ ।
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायर क्ले जस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी, सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी, पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धानको लागि राजश्व समिति अनतर्गत आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गरिनेछ ।
- करको दरमा पुनरावलोकन गरी आवश्यकता अनुसार विस्तार गर्ने नीति लिइनेछ ।
- प्रचलित कानुन बमोजिमका दण्ड जरिवाना तथा बाँकी बक्यौता रकमको अद्यावधिक लगत राखि असुल उपर हुन बाँकी बक्यौता कडाइका साथ असुल उपर गरिनेछ ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक कार्य निरन्तर रुपमा संचालन गरिनेछ ।
- संकलित वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड गरिनेछ ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन गरिनेछ ।
- स्थानीय स्तरमा उद्यमी तथा व्यापारीहरुको छाता संगठनलाई स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन गरिनेछ ।
- राजश्वको सम्भाव्यता अध्ययनलाई नियमित गरिनेछ ।
- राजश्व तथा व्ययको अनुमान, बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन प्रकृयालाई व्यवहारिक तथा पारदर्शिपूर्ण बनाइदै लगिनेछ । यसको लागि पालिकाको डिजिटक पार्श्वचित्र, आवधिक योजना र मध्यकालिन खर्च संरचनाको निर्माण गरी मद्दत लिइनेछ ।
- बेरुजु शून्य राख्न सबै वडा कार्यालयहरुलाई बढी जिम्मेवार बनाइनेछ र बेरुजु शून्य राख्ने वडा कार्यालयहरुलाई प्रोहत्सान स्वरुप थप कार्यक्रमहरु दिइनेछ ।

**ग) संस्कृती, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन**

- गाउँपालिकामा स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ ।

- भाषा, संस्कृति एवं परम्परागत रुपमा चलिआएका जात्रा, पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका भित्ररहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका प्राकृतिक सम्पदा तथा पूर्वाधारहरुको पहिचान र व्यवस्थित गर्दै पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

- गाउँपालिकामा पर्यटकहरुलाई आकर्षित गर्नको घरबास (Home stay) संचालन, दर्ता सम्बन्धि तालिम, प्रोहत्सान तथा अध्ययन अवलोकन भ्रमणको समेत व्यवस्था गरिदै लगिनेछ ।
- नेपाल सरकारले प्रमुख १००औं पर्यटकीय गन्तव्यभित्र सूचीकृत गरेको पर्यटकीय पदमार्ग “मुन्दुमट्रेल” को विकास र प्रवर्द्धनको लागि प्राथमिकताका साथ लगानी गरिनेछ ।
- चखेवामा निर्माणाधिन पर्यटन सूचना केन्द्रलाई आगामी आ.बं मा निर्माण सम्पन्न गरि कार्यान्वयनमा ल्याइनेछ ।
- पर्यटकीय क्षेत्रको विकासको लागि टुरिष्ट गाइडको तालिम दिइनेछ र गाइडहरुलाई सुचिकृत गरिदै लगिनेछ ।
- मुन्धुम पदमार्ग र अन्य संरचनाहरुको संरक्षणको लागि हेरालुहरु क्रमशः राख्ने व्यवस्था गरि लगिनेछ ।
- साहसीक खेलकुद कार्यक्रम साथै हाइ अल्टिच्युड गेमहरुलाई प्राथमिकताका साथ आयोजना गर्दै लगिनेछ ।
- पर्यटन प्रवर्धन गर्नका लागि पर्यटकीय क्षेत्रमा रहेका होटल व्यवसायीहरुलाई आवश्यकीय तालिम दिइनेछ।
- पर्यटकीय क्षेत्रमा रहेका होटल व्यवसायीहरुले खाना खाजामा स्थानीय उत्पादनको परिकारहरुमा जोड दिन लगाइनेछ ।
- उक्तपदमार्गमा अधिक्तम साँकेतिक बोर्डहरु रीखनेछ र पदमार्ग आसपासमा सरसफाईमा ध्यान दिदै प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुको प्रयोगमा निषेध गरिनेछ ।
- “मुन्दुमट्रेल” पदमार्गको विकास र प्रबर्द्धनमा लगानीको लागि दातृनिकायहरुमा पहल गरिनेछ र अन्तरपालिका स्तरिय कार्यक्रमहरु गरिनेछ ।
- सेल्मे कपासे हलहले क्षेत्र तथा पाचधारे पोखरीलाई पर्यटनको लागी लगानी र सम्बर्द्धन गरिनेछ ।

## ४. सामाजिक विकास

### क) आधारभूत तथा माध्यमिक शिक्षा

- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।
- इमान्दार एवं अनुशासित शिक्षक तथा विद्यार्थीहरुलाइ प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गरिनेछ ।
- पुस्तकालय एवं पत्रपत्रिका सुचना प्रविधि मैत्रीवनाउन सवै विद्यालयहरुमा Internet सेवा पुऱ्याइनेछ ।
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- सबै वर्ग र तहका बालबालिकाहरुका लागि सरल, सुलभ शिक्षाको अनिवार्य व्यवसथा गरिनेछ ।
- विद्यार्थीहरुमा हुने अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको संभावनालाई उजागार गर्न सहयोग गरिनेछ ।
- राष्ट्रियता लोकतन्त्र र मानव अधिकार प्रति सम्मान गर्ने स्वभिमानी नागरिक तथा र गरिनेछ ।
- समाजलाई आधुनिकिकरण तर्फ डोऱ्याउन मद्दत पुग्ने तथा प्राविधिक शिक्षालाई प्रोहत्सान गरिनेछ ।
- आमनागरिकलाई लज्जित बनाउने गरी विद्यालय क्षेत्रमा मौलाउदै गएको आचरणहीन प्रवृतीहरु जस्तैः दैनीक मादकपदार्थ सेवन गरी विद्यालय जाने, नियमित रुपमा विद्यालयमा हाजिर भई पठनपाठन नगराउने, आफ्नो सट्टामा अर्को शिक्षकलाई पढाउन पठाउने र गैर जिम्मेवारीपूर्ण व्यवहार प्रस्तुत गर्ने शिक्षक वा प्र.अ. दुवैलाई शुन्य सहनशिलता राखी कारवाही गरिनेछ ।
- यस क्षेत्रका सरकारी विद्यालयमाकार्यरत शिक्षकतथाकर्मचारीहरु सबैलाई आ-आफ्ना छोराछोरीलाई पनिअनिवार्य रुपमा सरकारी विद्यालयमा नै भर्ना गर्न प्रोहत्सानगरिनेछ ।
- बालवालिकाको पठनपाठन माथि लापरवाही गर्ने, मादकपदार्थ सेवन गरी विद्यालय जाने, बालबालिकालाई नियमित विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा सुविधा (सामाजिक सुरक्षा भत्ता, अन्य सिफारीस) बाट वन्चित गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग समय समयमा अन्तर्किया गर्दै शिक्षामा गुणस्तर कायम गरिनेछ ।

- राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितालाई प्रमुख खेलकुद प्रतियोगिताको रुपमा संचालन गरिनेछ । साथै राम्रो नतिजा ल्याउने विद्यालय र भविष्य बोकेका विद्यार्थी खेलाडीलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
- कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यपुस्तक छपाई अध्यापन गराइनेछ ।

**ख) खेलकुद**

- गाउँपालिका स्तरीय खेलकुद तथा वडा स्तरीय खेलकुद मैदानको लागि उपयुक्त स्थानमा जग्गा व्यवस्थापन र खेलकुद मैदान निर्माण गरिदै लगिनेछ ।
- खेलकूदको विकास र प्रवर्द्धनको लागि अनुशासित खेलाडी उत्पादनमा जोड दिइनेछ ।
- वर्षको कम्तिमा १ पटक गाँउपालिका स्तरमा बिभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन आयोजना गरिनेछ । साथै अन्य स्थानमा संचालन हुने खेलकुद प्रतियोगिताहरुमा समेत सहभागीता गराइनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद पूर्वाधारको लागि डिपिआर तयार भएको नागी खेलकुद मैदानको पूर्वाधार विकास गरिनेछ ।

**ग) स्वास्थ्य**

- मौलिक हकको रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्ने गरी निःशुल्क रुपमा उपलव्ध गराउदै लगिनेछ ।
- आधारभूत स्वास्थ्य सेवाको पहूच पुर्याउन विपन्न जनता, गर्भवती महिला र वृद्ध वृद्धाहरुलाई एम्बुलेन्स सेवामा निश्चित छुटको व्यवस्था गरिनेछ । जसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गरिनेछ।
- भौगोलीक विकटता को कारण आधारभूत सेवा बाट वञ्चित रहेका नागरिकहरूलाई स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवाको पहुचमा पुर्याइनेछ ।
- औषधि पसल सञ्चालन र नियमन गरिनेछ।
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्यऔषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गरिनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गरिनेछ ।
- विभिन्न रोगहरुको निराकरण गर्न आवश्यकता अनुसार उपयुक्त स्थानहरुमा उपचार केन्द्रहरुको स्थापना गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

- सार्वजनिक स्थलमा स्वच्छ पिउने पानी व्यवस्थापन गरिनेछ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धाराको व्यवस्था क्रमसः गर्दै लगिनेछ।
- टोलटोलमा धेरै सडकहरु विस्तार तथा अनुत्पादक संरचनाहरु निर्माणको कारण खानेपानी मुलमुहान मर्मत, संरक्षण र व्यवस्थापन सचेतनाको लागि प्रमुख प्राथमिकताका साथ कार्य गरिनेछ।
- गाउँपालिकामा संचालित मुख्य खानेपानी आयोजनाहरुको उपभोक्ताहरुले नै अनिवार्य संरक्षण तथा मर्मत सहित व्यवस्थित रुपले उपभोग गर्न नीति बनाई कार्यान्वयन गरिनेछ।
- सरसफाई सचेतनाको अभिवृद्धि संचालन गरिनेछ।
- गाउँपालिका भित्र सिसा र प्लास्टिक जन्य वस्तुहरुको प्रयोगको कारण वातावरण प्रदुशन बढी रहेकोले त्यस्ता वस्तुहरुको प्रयोगमा न्यूनीकरणको लागि अभियान शुरु गरिनेछ।
- तत्काल सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई व्यवस्थित गर्न गाउँपालिका लगायत सबै वडाहरुको पायक पर्ने स्थानमा फोहरमैला व्यवस्थापनको लागि Land Fill Site निर्माण गरिनेछ। साथै उक्त सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई पुनःप्रयोग (Recycle) गर्न निकासीको लागि सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ।

**घ) लैंगिक समानता**

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

- ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- एकल, द्वन्द पीडित तथा विपन्न महिलाहरुको आर्थिक पहुँचको लागि विउ पूजी व्यवस्थापन गर्दै लगिनेछ । आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक रुपले पछाडि पारिएका महिलाहरुको क्षमता विकासको लागि आगामी कार्यक्रमहरुमा पहिलो प्राथमिकता दिइनेछ ।
- लैंगिक हिंसात्मक व्यवहारलाई निरुत्साहन गरिनेछ ।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास गरिनेछ ।
- लैगिक हिंसा निर्मुल गर्न र निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापनाको कार्यक्रम गरिनेछ ।

**ङ) बालबालिका**

- पालिकास्तरी बाल क्लबलाई निरन्तरता दिई बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल निर्माण गर्न ध्यानमा राखी आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- असहाय बालबालिकाहरुलाई उचित व्यवस्थापन गरिनेछ ।
- बाल हिंसा नियन्त्रण गर्न बालबालिका तथा किशोरकिशारीलाई सूचना पहुँचको अनुभुती गराइनेछ ।
- बालविबाह नयूनीकरण गराउन विभिन्न विसंगतीबाट टाढा रहन सचेतीकरणको कार्य गराइनेछ ।

**च) ज्येष्ठ नागरिक**

- जेष्ठ नागरिकको सुरक्षा-संरक्षण, सम्मान र निजहरुमा रहेको ज्ञान, शीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने र उनीहरुको मानवोचित जीवनयापनमा सहयोग गर्ने कार्यलाई उच्च महत्व दिइनेछ ।
- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य गरिनेछ । जेष्ठ नागरिकलाई निशुल्क दन्त सेवा कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भलाकुसारी तथा भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**छ) अपाङ्गता भएका समूह**

- गाउँपालिका स्तरीय समितिको माध्यमवाट गाउँपालिकाभित्र रहेका सबै खाले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र वर्गीकरण गरी लगत राखिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गरिनेछ ।
- अपाङगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ ।
- अपाङगता भएका तथा असहाय विद्यार्थीहरुलाई शिक्षा तथा स्वास्थ्यका लागि आवश्यक सहयोग र पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गरिनेछ ।

**ज) एकल महिला**

- एकल महिला सम्वन्धी कार्य गरिनेछ ।
- महिलाहरुलाई आयआर्जन मुलक र आधुनिक कृषि व्यवसायमा लाग्न शीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- एकल तथा असहाय पुरुष सम्बन्धि सामाजिक सुरक्षा ऐन २०७५ र सामाजिक सुरक्षा नियमावली २०७६ अनुसार कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरूलाई आत्मनिर्भर वनाउन सिपमूलक तालिम प्रदान गरी व्यवसायिक वनाउन जोड दिइनेछ ।

## ५. सुशासन अन्तर सम्बन्धि तथा विपद व्यवस्थापन

**क) गरिबी निवारण**

- "वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" को पूर्ण र दीगो कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकामा उक्त कार्यविधि र मापदण्ड भित्र परेका विपन्न वा गरीब परिवारको आगामी २ वर्षभित्र घरको फुसको छाना विस्तापित गरिनेछ ।
- भूमीहीन तथा सुकुम्बासिहरुको लागि आवश्यक कार्यक्रम बनाइनेछ साथै भूमि आयोगसँग समन्वय गरी जग्गा उपलब्ध गराइनेछ ।

**ख) विपद व्यवस्थापन**

- हाल विश्वमा फैलिरहेको महामारी लगायत अन्य पशुपन्छिमा लागिरहेको लम्पी लगायतको महामारी र प्राकृतिक विपदहरुलाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरण गर्न जनचेतनाको कार्यक्रमहरु गरिनेछ ।

- विपदको समयमा अस्थायी आवासको रुपमा प्रयोग गर्न सकिने खालका सबै वडाको उपयुक्त स्थानहरुमा सामुदायिक वा टोल भवनहरु निर्माण गरिनेछ ।
- विपदको पुर्व आंकलन गरी त्यसबाट बच्ने उपायहरु अवलम्बन गरिनेछ । त्यस वावजुत पनि विपद् घट्ने अवस्था आएमा त्यसको लागि आवश्यक सामग्रीहरु पूर्वतयारीको साथ पालिका लगायत वडा कार्यलयहरुमा भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।